म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३३ मंगलबार, ९ पुस २०८१ ने. सं. ११४५ थिलागा 24 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आश्रमलाई हेटौंडा बचतको सहयोग


हेटौंडा, ८ पुस/हेटौंडा उपमहानगरपालिका-७ नागस्वती स्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो २६ औं स्थापना दिवसको अवसरमा हेटौंडा १ चौकीटोलमा रहेको ॐ बृद्धाश्रमलाई एकदिनको खानपिन वापत १५ हजार सहयोग गरेको छ । सहकारीका कर्मचारी तथा सञ्चालक आईतवार आश्रममै पुगेर सहयोग हस्तान्तरण गरेका हुन् । २०५६ सालमा स्थापित सहकारीले प्रत्येक वर्ष आफ्नो स्थापना दिवसको अवसरमा सप्ताहब्यापी कार्यक्रम गर्दै आइरहेको छ । सहयोग हस्तान्तरण कार्यक्रममा संस्थाका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, सचिव युवराज गौतम, कोषाध्यक्ष पार्वती भट्ट ब्यबस्थापक रामशरण गौतमलगायत सञ्चालक तथा कर्मचारीको उपस्थिति रहेको थियो । स्थापना दिवसको अवसरमा सहकारीले पुस ८ गते सञ्चालक कर्मचारीबीच अर्न्तक्रिया १० गते संस्थामा आवद्ध बालबचतकर्तालाई पिकनिक सहित अतिरिक्त क्रियाकलाप, ११ गते रक्तदान तथा १३ गते दीपप्रज्वलन सहित मिठाई बितरण गरिने संस्थाका सञ्चार प्रमुख सुशील सुवेदीले जानकारी दिए ।

# गाडी गुड्ने चुरियामाई सुरुङ ६८ वर्षपछि खुला, अब हेर्न मात्रै पाइने

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/राणा प्रधानमन्त्री श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इन्जिनियर डिल्लीजंग थापाले निर्माण गरेको चुरियामाई सुरुङ ६८ वर्षपछि सोमबार खुलेको छ ।

दक्षिण एसियाकै पहिलो भनिएको चुरियामाई सुरुङ २०१३ साल ताका सडक निर्माणको क्रममा विष्फोट गराउँदै भत्किएर पूर्णरुपमा बन्द भएको थियो । त्यसयता यो सुरुङ एकादेशको कथा जस्तै बनेको थियो । त्यतिबेला गाडी गुड्ने चुरियामाई सुरुङबाट वि.सं. २०१२ सम्म सवारी चल्ने गरेको इतिहासका पानामा उल्लेख छन् । राणाकालीन समयमा यही सुरुङमार्ग हुँदै चल्ने साना गाडीले भीमफेदीसम्म सामान ओसार्ने गरेका थिए ।



यही सुरुङको ६८ वर्षपछि पुन:निर्माण गरेर सोमबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामा, भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गरेका छन् । अब यो सुरुङ गाडी गुड्ने नभई सर्वसाधारणका लागि अवलोकन गर्न मात्रै उपयुक्त बनेको छ । पर्यटकीयस्थल बनेको चुरियामाई सुरुङको सबै व्यवस्थापन हेटौंडा उपमहानगरपालिकाले लिनेछ । मर्मतसम्भारमा भने प्रदेश सरकारले सहयोग पुर्‍याउने छ ।

सुरुमा चुरिया सुरुङको लम्बाई ५ सय मिटर थियो । जीर्णोद्धारपछि सुरुङको लम्बाइ २२५ मिटर मात्रै बनेको छ । विसं.२००९ सालमा त्रिभुवन राजपथ निर्माण सुरु भएको थियो । त्यसैक्रममा विसं.२०१३ सालमा मोटरबाटो निर्माणको क्रममा सुरुङमार्गको बीच खण्डमा बिस्फोट गराएर भत्काइएको थियो । चुरेको पहाड भत्काउन विष्फोट गराउँदा सुरुङ पनि भत्कियो । अर्थात सुरुङ भत्काएर सडक बनाइयो । यसै कारण सुरुङको लम्बाई छोट्टिएको हो । त्यसपछि सुरुङ पूर्णरुपमा बन्द भएको थियो ।

मकवानपुर र बाराको सीमानामा रहेको चुरियामाई सुरुङमार्ग भएर राणकालीन समयमा जीप, तत्कालीन लहरी ट्रक आवतजावत हुने गरेको थियो । नेपालको पहिलो सुरुङमार्गको परिकल्पनाकार ब्रिगेडियर कर्णेल थापाको अगुवाइमा चुरियामाई सुरुङमार्ग निर्माण सम्पन्न गर्न दुई वर्ष लागेको थियो ।

दक्षिण एसियाकै पहिलो सुरुङमार्गको रुपमा रहेको चुरियामाईको सुरुङ सोमबार विधिवतरुपमा हेटौंडा उपमहानगरलाई हस्तान्तरण गरिएको छ । चुरियामाई ऐतिहासिक सुरुङमार्ग सर्वसाधारणका लागि सञ्चालनमा आएको छ । बागमती प्रदेश सरकारले हेटौंडा उपमहानगर पालिकालाई सुरुङमार्ग पर्यटकीय गन्तव्यकारुपमा सञ्चालन गर्नका लागि हस्तान्तरण गरेको हो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र हेटौंडा उपमहानगरबीच संझौतापत्रमा हस्ताक्षर गर्दै ऐतिहासिक सुरुङ पर्यटकका लागि सञ्चालनमा ल्याइएको हो ।

'चुरियामाई सुरुङ' को पुनर्निर्माणकार्य सकिएको ८ महिनापछि सर्वसाधारणका लागि खुला गरियो । सुरुङ संचालनका लागि नगरपालिकाले बनाएको कार्यविधिमा सुरुङ अवलोकन गर्न आउने नेपालीलाई प्रतिव्यक्ति ५० रुपैयाँ, विदेशीलाई प्रतिव्यक्ति १२० रुपैयाँ, ५ वर्षमुनिका बालबालिका, अपाङ्ग र जेष्ठनागरिकलाई नि:शुल्क, विद्यार्थीलाई २० रुपैयाँ प्रवेश शुल्क लिने व्यवस्था गरेको छ ।

प्रदेश सरकारले २०७८ वैशाख १९ मा माउन्टेन इन्फ्रा कम्पनी लिमिटेड, काठमाडौं स्युचाटारसँग सुरुङमार्ग पुनर्निमाणको सम्झौता गरी काम सुरु गरेको थियो । प्रदेश सरकारले ३ करोड ६५ लाख रुपैयाँ खर्चिएर सुरुङमार्गको जीर्णोद्धार गरेको हो । सुरुङमार्ग २२५ मिटर लम्बाई, २ दसमलव ५ मिटर चौडाई, ३ मिटर उचाई रहेको छ । सुरुङमार्ग सञ्चालनको मोडालिटी र कार्यविधि तयार नभएकाले एक वर्षदेखि सुरुङ बन्द गरेर राखिएको थियो । मुख्यमन्त्री लामा, पूर्वमुख्यमन्त्री पौडेल, प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री मास्के, प्रदेशसभा सदस्य भारती पाठक, रामेश्वर श्रेष्ठ, एकालाल श्रेष्ठ, पूर्वमन्त्री रामेश्वर फुँयाल, हेटौंडा उपमहानगरप्रमुख लामा, जीतपुर सिमरा उपमहानगरप्रमुख राजन पौडेललगायतको उपस्थिति रहेको थियो ।

चुरे पहाड छेडेर एक शताब्दिभन्दा अगाडि निर्माण गरिएको सुरुङ नियमित मर्मतसम्भारको अभावमा सुरुङमार्गको बीच भागमा पुरिएर आरपार गर्न नसक्ने अवस्थामा थियो । प्रदेश सरकारको यातायात पूर्वाधार निर्देशनालय, हेटौंडामार्फत् ऐतिहासिक महत्वको सुरुङमार्गको पुनर्निर्माणसँगै पर्यटकीय गन्तव्य बनाउने गरी जीर्णोद्धार गरिएको हो । सुरुङमार्गभित्र बत्ती जडान गरिएको छ । सुरुङको छेउमै तत्कालीन डिजाईनर ईन्जिनियर थापाको अर्धकदको सालिक निर्माण गरिएको छ । इन्जिनियर थापाले अमलेखगन्जदेखि भीमफेदीसम्मको सडकको पनि डिजाइन गरेका थिए ।

पथलैया-हेटौंडा सडक निर्माण भएपछि यो सुरुङ प्रयोगमा आउन सकेन । प्रबिधिको विकाससँगै मालबाहक सवारीको आकार पनि ठूलो बन्दै गएको हुँदा सुरुङभित्र प्रबेश गर्न नसक्ने अवस्था आएको बुढापाकाहरु बताउँछन् । बाराको अमलेखगञ्जसम्म रक्सौलबाट न्यारोगेजको रेल चल्ने गरेको थियो । अमलेखगंञ्जबाट भीमफेदीसम्म गाडीमा यात्रा गरेर जानुपर्दथ्यो । मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीबाट पैदलयात्रा गरी काठमाडौं जानुपर्दथ्यो ।

यही सुरुङमार्ग भएर विश्वविख्यात भूगर्भविद् डा. टोनी हेगेन आफ्नो सानो गाडीमा भीमफेदीसम्म आइपुगेका थिए । भीमफेदीबाट उनको गाडी पनि बोकेर काठमाडौं लगिएको बताइन्छ । भूगर्भविद डा. हेगनको पुस्तक 'दी हिमालयन किङ्डम अफ नेपाल'मा यो सुरुङमार्गबारे चर्चा गरिएको छ । पुस्तकमा मानवनिर्मित सुरुङ देखेर आफू आश्चर्यमा परेको र नेपालभन्दा ठूलो देश भएर पनि भारतले सुरुङ प्रविधि भित्र्याउन नसकेको अवस्थामा नेपाल सफल भएको चर्चा गरेका छन् ।

### जलवायु कार्यको स्थानीयकरण:

# सार्वजनिकसम्पदा संरक्षण र न्यायमा लैङ्गिक दृष्टिकोणबारे प्रदेशस्तरीय संवाद

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/जलवायु कार्यको स्थानीयकरण: सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैङ्गिक दृष्टिकोणबारे प्रदेशस्तरीय संवाद कार्यक्रम सोमबार हेटौंडामा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै बामगती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदनलाई औपचारिकतामा मात्रै सीमित गर्ननहुने बताए ।

'ईआईए रिपोर्ट छ वा छैन भन्ने मात्र हेरिन्छ, रिपोर्टमा के छ भनेर हेर्ने गरिँदैन, यो चलन हट्नुपर्छ, प्रभाव हेरेर काम गर्नुपर्छ', उनले भने । वातावरण संरक्षणमा सबैको दायित्व रहेको भन्दै उनले यसमा सबैपक्ष उत्तिकै सजग हुनुपर्ने बताए । वातावरणीय प्रभावलाई मूल्यांकन र समाधान गरेर काम गर्नुपर्ने र प्रदुषण न्यूनीकरणमा लाग्नुपर्ने र बाँकी काम गर्दै जानुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले सरकार बलियो बनाउन स्थानीय तहलाई बलियो बनाउनुपर्नेमा जोड दिए । स्थानीय उत्पादन, महिला उद्यमीलाई आफूले प्राथमिकता दिएको भन्दै उनले उद्यमशीलता र वातावरणमैत्री बनजन्य उत्पादनलाई जोडेर लगिएको स्पष्ट पारे । प्राकृतिक सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षणमा सबैले जोड दिनुपर्ने उनले बताए । छलफलमा उठेका महत्वपूर्ण विषयलाई प्रदेश सरकारसम्म ल्याइदिन आग्रह गर्दै उनले त्यस्ता विषयलाई सम्बन्धित निकायमा लैजाने र आफ्नो तर्फबाट गर्नुपर्ने भूमिका पूरा गर्ने स्पष्ट पारे ।

कार्यक्रममा प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवालले प्लाष्टिक नियन्त्रण र प्रकृतिको संरक्षणमा जोड दिए । हाम्रा क्रियाकलाप सुधार गरेर वातावरण जोगाउने हो भने मात्रै नयाँ पुस्तालाई हामीले सुन्दर पृथ्वी हस्तान्तरण गर्न सकिने उनले बताए । मन्त्री सिलवालले भने, 'पृथ्वीलाई नोक्सान पार्ने मान्छे नै हो, यो पृथ्वीलाई अरुले नोक्सान गरेको छैन, त्यसैले यसको संरक्षण पनि हामीले नै गर्नुपर्छ ।'

कार्यक्रममा माडी नगरपालिका प्रमुख ताराकुमारी काजी महतोले प्राकृतिक सम्पदाको सम्भावनासँगै स्थानीय तहमा कानूनी जटिलताका कारण काम गर्न समस्या भएको बताइन् । 'संघीय कानून अनुसार चल्नुपर्छ, सरकार भन्नै अफ्ठ्यारो लाग्छ', उनले भनिन् । कतिपय अवस्थामा कानून बाझिने स्थिति रहेको भएपनि आफ्नो स्थानीय तहले सम्पदाको संरक्षण गर्दै जलवायु परिवर्तन न्यूनीकरणका क्रियाकलाप गर्दै आएको बताइन् । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका कार्यवाहक अध्यक्ष कमलकुमार विश्वकर्मा लगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

कार्यक्रममा एक्सन एड नेपालका महिलाअधिकार कार्यक्रम परियोजना अधिकृत कविता बस्नेतले जलवायुका सवालमा हाम्रो स्थान के छ ? यससम्बन्धी बनेका ऐन, ऐनका कार्य र प्रभाव, कार्वन व्यापार र लाभ, लगायत विषयबारे देशको अवस्था झल्काउने प्रस्तुती दिइन् । वन तथा वातावरण र जलवायुसँग सम्बन्धित यथेष्ट ऐन, नियम र नियमावली बनेको भए तापनि यसको कार्यान्वयन प्रक्रिया वा सजाय र न्याय सरल नभएको विषय उनको प्रस्तुतीमा समेटिएको थियो । प्राध्यापक समीक्षा श्रेष्ठले सहरी विकास योजनासम्बन्धी प्रस्तुती दिइन् । सार्वजनिक सम्पत्तिको नास हुँदै गएको र मानवीय जीवन पनि जोखिममा परेको विषय उनको प्रस्तुतीमा समेटिएका थिए । मकवानपुर महिला समूहकी अध्यक्ष कमला सुवेदीको सभाध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, कृषि तथा वन विश्वविद्यालय, वन संकाय, हेटौंडाका सहायक डिन सञ्जय उपाध्याय, लिलुकुमारी मगर, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीको आतिथ्य रहेको थियो । कार्यक्रममा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरु र समुदायमा गठन भएको समूहका प्रतिनिधि सहभागी थिए ।

जलवायुसम्बन्धी संघीय कानून, जलवायु कार्यको स्थानीयकरण तथा सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैंगिक दृष्टिकोणबारे छलफल गर्ने उद्देश्यका साथ एक्सन एड नेपाल, मकवानपुर महिला समूह र चितवन सक्रिय महिला प्रतिष्ठानले कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा बेटर चितवन, जिवन्त नेपाल, सिडिए नेपाल, एम्नेस्टी इन्टर नेशनल फरेस्टी युथ नेटवर्क, दीगो विकास इन्स्टीच्युट, एनवाईसिए हेटौंडा, एफओएफ हेटौंडा, ग्रिन फाउण्डेशन र बागमती युनेस्को क्लबको सहकार्य रहेको थियो ।

मकवानपुर महिला समूहका कार्यक्रम संयोजक तथा महिला अधिकारकर्मी निशा लामा र जीवन्त नेपालका अध्यक्ष तथा युवा जलवायु अभियन्ता प्रसुज मैनालीले कार्यक्रममा सहजीकरण गरेका थिए । स्थानीय बनकरिया महिला, चेपाङ महिला र समूहमा आबद्ध महिलाले उत्पादन गरेको घरेलु उत्पादन एवम् बेत, बाँस, पात र काठबाट बनेका सामग्री, गुन्द्रुक एवम् बिरुवाहरु अतिथिलाई मायाको चीनोका रुपमा हस्तान्तरण गरिएका थिए । युवाकवि स्वस्तिका बानियाँले जलवायुसम्बन्धी कविता प्रस्तुत गरेकी थिइन् । जलवायुसम्बन्धी चित्रकला प्रदर्शनी, महिला उद्यमीको उत्पादन प्रदर्शनी स्टलहरु प्रस्तुत गरिएका थिए ।

# सहज र प्रभावकारी सेवाप्रदान गर्न मन्त्री लामाको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले सेवाग्राहीलाई सहज र प्रभावकारी सेवाप्रदान गर्न निर्देशनात्मक आग्रह गरेकी छिन् ।

मन्त्री लामाले सोमबार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको मातहतमा रहेको चितवन उद्योग तथा वाणिज्य कार्यालयको नवनिर्मित भवनको उद्घाटन गर्दै यस्तो आग्रह गरेकी हुन् । मन्त्री लामाले कार्यालयमार्फत् एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराउन जोड दिइन् । उनले यस भवन संचालनले सेवाप्रवाह थप प्रभावकारी हुने विश्वास व्यक्त गरिन् ।

साथै एकीकृत सेवाप्रवाह कक्ष संचालनमा आएको कार्यालयका प्रमुख विनोद पौडेलले जानकारी दिए । उनका अनुसार, नवनिर्मित भवन संचालनमा आएसँगै सेवाग्राहीलाई क्युआर कोडमार्फत राजस्व भुक्तानी, नागरिक बडापत्र, नि:शुल्क वाईफाई, स्तनपानकक्ष र प्रतीक्षालय कक्षको सुविधा प्रदान गरिनेछ ।

प्रदेश सचिव राजेन्द्र कुमार केसीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, चितवन उद्योग संघका अध्यक्ष मदन भण्डारीलगायत अन्य विशिष्ट व्यक्तिको सहभागिता रहेको थियो ।

# युवा तथा खेलकुद मन्त्रालय मातहतका निकायको त्रैमासिक समीक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/ बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा मन्त्रालय र मातहतका निकायको आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिको प्रगति समीक्षा बैठक भएको छ ।



बैठकलाई सम्बोधन गर्दै युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले आफू मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको र सो बजेट निकै न्यून भएका कारण युवावर्ग र खेलकुद जगतको लागि अपेक्षाकृत काम गर्न कठिनाई भइरहेको उल्लेख गरे । उनले भने, 'मैले चाहेको भए अन्य विकासे मन्त्रालय पनि लिन सक्थैं । तर, म खेलक्षेत्रबाट आएको मानिस युवा र खेलाडीको भावना बुझ्न सक्छु, । खेलकुद मन्त्रालय कसरी चलाउने भन्ने विषयमा मलाई राम्रो ज्ञान छ । तर, म मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको थियो जुन अत्यन्तै न्यून छ । त्यसकारण सोचे अनुसारको काम गर्न सकिएको छैन ।'

उनले बजेट बृद्धिगर्न प्रदेश सरकारसँग नियमितरुपमा पहल भइरहेको भन्दै मातहतका कार्यालयले सञ्चालन गर्दै आइरहेको आयोजनालाई पूर्णता दिन आफूले सक्दो पहल गर्ने बाचा गर्दै कार्यालय प्रमुखलाई निराश नहुन आग्रह गरे । उनले देखिने, सुनिने र नागरिकले अनुभूत गर्ने गरी उत्प्रेरित भएर काम गर्न तथा आगामी दिनमा मन्त्रालयको वार्षिक कार्ययोजना बमोजिम नतिजा हासिल गर्ने गरी प्रभावकारीरुपमा कार्यसम्पादन गर्न मन्त्रालय एवम् र सम्बद्ध निकायका प्रमुखलाई निर्देशन दिए ।

बैठकमा प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दीपक लामाले खेलकुदक्षेत्रको विकास एवम् विस्तारका लागि परिषद्बाट छोटो समयमा उल्लेख्य प्रयास भएको बताए । उनले राज्यले खेलकुदको विषय पाठ्यक्रममा नै समावेश गरेर अगाडि बढाउनुपर्नेमा जोड दिए । त्यस्तै प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले परिषद्बाट सञ्चालन भइरहेका युवालक्षित कार्यक्रमबारे जानकारी गराउँदै तथ्यांक व्यवस्थापन नहुँदा तालिम कार्यक्रम संचालन गर्न केही कठिनाई भएको भन्दै त्यसतर्फ सरकारले सहयोग गर्नुपर्ने बताए ।

कार्यक्रममा क्रमश: सामाजिक विकास कार्यालय काभ्रेपलाञ्चोक, ललितपुर, मकवानपुरका कार्यालय प्रमुखले सञ्चालित आयोगनाको भौतिक एवम् वित्तीय प्रगतिबारे जानकारी गराएका थिए । उनीहरुले मन्त्रालय र अन्तर्गतका निकायको त्रैमासिक प्रगतिका साथै आयोजनाको वित्तीय एवम् भौतिक प्रगतिको अवस्था, कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौती र समाधानका लागि गरिएका प्रयासबारे प्रस्तुतीकरण गरेका थिए ।

बैठकमा कार्यालयका प्रमुखहरुले आयोजना सञ्चालनको क्रममा देखिएका समस्याको पहिचान गरी आगामी दिनमा समस्या नदोहोरिने गरी विगतका अनुभवबाट पाठ सिक्दै प्राथमिकताका आधारमा नागरिकले अनुभूत गर्ने गरी कार्य गर्ने प्रतिवद्धता जनाए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्धारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चुरिया सुरुङ इतिहास मात्रै बन्यो

दक्षिण एसियाकै पहिलो सुरुङमार्गको रुपमा चर्चा र परिचर्चा हुने गरेको चुरियामाईको सुरुङ आज ईतिहास बनेको छ । एक सताब्दी अघि नेपालमा नेपाली प्रबिधिको प्रयोगमा सुरुङ बनेको थियो । यो विषय ठट्टा होइन । यतिबेला त नेपालमा धेरै ठाउँमा सुरुङमार्ग हुनुपर्ने थियो । तर, हामीले सँधै 'सतीले सरापेको देश' भनेर केही गरेनौं वा गर्ने प्रयाससम्म गरेनौं । सताब्दी अघि फर्पिङमा जलविद्युत उत्पादनगृह संचालनमा आएको थियो । काठमाडौंका राणा परिवारका दरबारमा त्यही फर्पिङको विजुली लगेर झलमल्ल पारिएको थियो । ५/७ वर्षअघिसम्म हामी दैनिक १८ घण्टा विजुली गायब तालिका हिसाव गरेर अन्धकारमा बस्यौं । नेपालमा ८३ हजार मेघावाट विद्युत उत्पादन गर्ने क्षमताका खोलानाला छ भनेर धक्कु लगाएर बस्यौं । एउटा अपर तामाकोशी हाइड्रो पावर सम्पन्न गर्न हामीलाई १५ वर्ष लाग्यो । परियोजनामा लुट्ने काम मात्र गरियो । ३५ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गर्ने भनिएको अपर तामाकोशी सम्पन्न हुँदासम्म ९० अर्ब रुपैयाँ जति लागत पुऱ्याउने काम भयो । यसैले हामी विकासमा पछाडि परेको उदाहरण काफी पुग्छ । निजगढ-काठमाडौं फास्टट्र्याक सिलान्यास भएको १७ वर्ष भयो । ७० अर्ब रुपैयाँमा निर्माण सम्पन्न गरिने भनियो तर, यतिबेलासम्म यो परियोजना सम्पन्न हुँदा दुई खर्ब रुपैयाँ भन्दा बढी खर्च हुने देखिएको छ ।

पञ्चायती ब्यवस्थाको अन्त्यताका हेटौंडाको बुद्धचोकमा ट्राफिक लाईट थियो जहाँ सडक पार गर्न पैदलयात्रुलाई सहज हुने गरेको थियो । तर, अहिले त्यहाँ बत्ती छैन र सडक पार गर्न ज्यानको बाजी लगाउनु पर्ने अवस्था छ । यस्तै यस्तै कामले हाम्रा युवा नेपालमा बस्नै चाहिरहेका छैनन् । नेपालमा कुनै सम्भावना नै देख्न छोडेका छन् । नेतृत्व बर्गले यो विषयमा सोच्न ढिलाई भइसकेको छ । अब चुरियामाईको सुरुङलाई पर्यटकीयस्थलको रुपमा सञ्चालन गर्ने उपमहानगरको योजना छ । वर्षौंदेखि जीर्ण सुरुङको पुन:निर्माणपछि बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले उपमहानगरपालिका कार्यालयलाई हस्तान्तरण गरेको छ । सुरुङको पुन:निर्माण एक वर्षअघि नै सम्पन्न भइसकेको थियो । तर, प्राविधिक कारण देखाएर निर्देशनालयले उपमहानगरलाई हस्तान्तरण गर्न सकेको थिएन । उपमहानगर र निर्देशनालयबीच सहमति भएअनुसार मर्मतसम्भार प्रदेश सरकारले गर्ने उल्लेख गरिएको छ । उपमहानगरले नै सुरुङमार्गमा अवलोकन गर्न शुल्क लगाउने भएको छ । उपमहानगर पालिकाले चुरियामाई सुरुङलाई पर्यटकीयस्थलका रुपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरिसकेको छ । कार्यविधिमा सुरुङ अवलोकन गर्न आउने नेपालीलाई प्रतिव्यक्ति ५० रुपैयाँ, विदेशीलाई प्रतिव्यक्ति १२० रुपैयाँ, ५ वर्षमुनिका बालबालिका, अपाङ्ग र जेष्ठनागरिकलाई नि:शुल्क, विद्यार्थीलाई २० रुपैयाँ प्रवेश शुल्क लिने व्यवस्था गरेको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए । चुरियामाई सुरुङ सञ्चालन कार्यविधि बनाएर उपमहानगरले पर्यटकीयस्थलको रुपमा विकसित गर्नेगरी अगाडि बढेको प्रवक्ता न्यौपानेले बताए । हेटौंडा उपमहानगरपालिका र बारासम्म सीमा जोडिने चुरियामाई मन्दिरमा बनाइएको सुरुङ भग्नावशेष थियो । भग्नावशेष सुरुङलाई पुरानै अवस्थामा ल्याउन प्रदेश सरकारले काम गरेको हो । २०७८ साउनमा थालिएको पुन:निर्माण २०८० असार अगाडि नै सकिएको थियो ।

१०६ वर्ष पुरानो सुरुङ पुन:निर्माण गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले माउण्टेन इन्फ्रा कम्पनीसँग ३ करोड ३६ लाख १३ हजार रुपैयाँको लागत सम्झौता गरेको थियो । सुरुङको पुन:निर्माण २०७९ वैशाखसम्म सक्ने भनिएता पनि पटक-पटक म्याद थपेर हालसम्म काम अन्तिम चरणमा पुगेको जनाइएको छ । श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इञ्जिनियर डिल्लीजङ्ग थापाले सुरुङमार्ग निर्माण गरेका थिए । सुरुङ नेपाली प्रविधि प्रयोग गरेर थापाले निर्माण गराएका थिए । करिब ५ सय मिटर लामो सुरुङ मकवानपुरतर्फबाट प्रवेश गरेर बारा पुगिन्थ्यो । त्यतिबेला भारतबाट हेटौंडा-भीमफेदी हुँदै काठमाडौं पुऱ्याउने साना सवारीसाधन ल्याउन सुरुङ बनाइएको थियो । प्रजातन्त्र पुन:स्थापनापछि त्रिभुवन राजपथ बनेर ठूला-ठूला सवारी साधनहरु भित्रिएपछि सुरुङ छेवैबाट चुरे पहाड फोडेर सडक बनाइएको थियो । सडक निर्माण भएपछि सुरुङ प्रयोगमा आएन र लामो समयदेखि सुरुङ भग्नावशेष भईरहेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १० गते बुधबार २५ डिसेम्बर २०२४ । दशमी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:१४ । क्रिसमस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहमतिका कार्यहरु हुनेछन् | तुला | : रमाइलो यात्रा हुनेछ |
| वृष | : नयाँ कार्य सम्पन्न हुनेछ | वृश्चिक | : धन कमाउने योग परेको छ |
| मिथुन | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | धनु | : पश्चात्ताप लाग्नेछ |
| कर्कट | : सन्तानबाट सन्तोष मिल्नेछ | मकर | : शारीरिक आलस्यता बढ्नेछ |
| सिंह | : विवाद पर्न सक्नेछ | कुम्भ | : सकारात्मक सोचाइ रहनेछ |
| कन्या | : दाम्पत्य सुख मिल्नेछ | मीन | : दया मायाका कार्य हुनेछन् |

# २० वर्षभित्र देश बदल्न तीन काम



कुबेरराज जैशी

नेपाल विविधतामा एकता र प्राकृतिक सम्भावना भएको देश हो । हामी प्राचीन कला, संस्कृति, जातजाति, भाषा, धर्म, रहनसहन, सामाजिक, सांस्कृतिक, धार्मिक सहिष्णुताले अत्यन्त सुन्दर प्राकृतिक वातावरण, हावापानी जस्ता कुराहरूले समृद्ध छौं ।२१औं शताब्दीको प्रारम्भमा आइपुग्दासम्म हाम्रो देशमा विभिन्न व्यवस्था परिवर्तन भए । राणा शासनदेखि पञ्चायती व्यवस्था, राजतन्त्रको अन्त्य भई लोकतन्त्र, गणतन्त्रको युगसम्म प्रवेश गर्दा पनि अपेक्षित विकास र समृद्धि नभएको भान हुँदै गइरहेको छ । लाखौं युवा विदेशिनु परिरहेको छ ।

हाम्रो वर्तमान संविधानले प्रस्तावनामै शान्ति, सुशासन, विकास, समृद्धि सँगै समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ । संविधान बनेको एक दशक हुनलाग्दा पनि जनतामा भने उही निराशा छाइरहेको छ । प्रजातान्त्रिक कमान्डर, नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री, नेपाली काङ्ग्रेस सभापति स्व. जननेता बी.पी कोइरालाका सपना थिए– प्रत्येक नेपाली म जस्तै होउन्, प्रत्येकको एउटा घर होस्, उसका छोराछोरीले अनिवार्य रूपले शिक्षादीक्षा पाउन् र यदि आवश्यकता पर्छ भने यथोचित औषधि उपचारको सुविधा पाउन् ।

हाम्रो देश २०९० को दशकसम्म सुन्दर अनि शान्त बनोस्, सबै मानिस स्वस्थ, शिक्षित, समृद्ध, इमानदार होउन् । धर्मभन्दा माथि उठेर सामाजिक सद्भावको भावना जागृत होस्, देशमा रोजगारी सिर्जना होस् । कृषि, विज्ञान र उद्योगहरूको विकास होस्, देश भ्रष्टाचारमुक्त बनोस्, पराधीन भएर बाँच्न नपरोस् आत्मनिर्भर र समृद्ध हुनसकोस् भन्ने कुराहरूको परिकल्पना गर्छु । त्यसका लागि यी तीन क्षेत्रमा ध्यान दिन सके हाम्रो देश नेपाल एक सुखी र समृद्ध बन्नेमा विश्वस्त छु ।

### कृषि

नेपाल कृषिप्रधान देश हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी रहेको छ । देशमा क्रियाशील श्रमशक्ति मध्ये करिब दुई तिहाइ कृषि क्षेत्रमा संलग्न छन् । यद्यपि कृषि क्षेत्रको वृद्धिदर एवम् उत्पादकत्व भने तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ । मानिसलाई बाँच्नका लागि गाँस, बास, कपासको आवश्यकता पर्दछ । कृषि तथा स्वदेशी उत्पादन विना देश भोकमरी, खाद्य संकटको चपेटामा पर्ने अवस्था हुन्छ । त्यसैले २०९० को दशकसम्म हाम्रो देश सुखी र समृद्ध बन्नका लागि सबैभन्दा पहिलो प्राथमिकता कृषिमा लगानी गरी स्वदेशी उत्पादनलाई प्रवर्धन गर्न जोड दिनुपर्दछ ।

कृषि एउटा यस्तो पेशा हो जसले गरिबी निवारण गर्नेदेखि औद्योगिक कच्चा पदार्थ उपलब्ध गराउने, खाद्यान्न र पोषकतत्व उपलब्ध गराउने, रोजगारी प्रदान गर्ने र कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान दिनसक्छ त्यसैले कृषिलाई नेपालको अर्थतन्त्रको मेरूदण्ड मान्न सकिन्छ । अहिलेको अवस्थामा सरकारले कृषिबाट उल्लेख्य लाभ लिन सकिरहेको छैन । जसका पछाडि विभिन्न समस्या देखा परेका छन् ।

न्यूनतम आवश्यक पूर्वाधारको कमि, जग्गाको खण्डीकरण, मौसममा निर्भर खेती प्रणाली, कृषि अनुसन्धान तथा प्राविधिक विकासको सुस्तता र पर्याप्त वित्तीय सेवाको अभाव, बाली लगाउने सिजनमा जमिनको लागि आवश्यक मल, बीउबिजनको आपूर्तिमा ठूलो समस्या, स्थानीय सरकारले समयमै बीउ, बिजन उपलब्ध गराउन नसक्नु, बाढी, पहिरो, प्राकृतिक प्रकोपको प्रभाव जस्ता कुराले कृषि क्षेत्रमा उत्पादकत्व नबढ्नुका प्रमुख कारक तत्वहरू हुन् । जसको प्रभाव नेपाल जस्तो गरिब, विकासोन्मुख देशमा भोकमरी, चर्को महङ्गीले नागरिकलाई आयातित सामान किनेर खान बाध्य पारेको छ ।

यो हाम्रो कृषिमा देखिएको विडम्बना हो, जहाँ ६० प्रतिशत नागरिकहरू कृषिमा आधारित हुँदाहुँदै पनि देशमा खाद्य संकट र महङ्गीको चरम चपेटामा पर्नु परेको छ । सबैभन्दा पहिले कृषि क्षेत्रका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । उचित बजार व्यवस्थापन, परम्परागत कृषिलाई आधुनिकीकरण, कृषिमा उच्च शिक्षा हासिल गर्ने जनशक्तिलाई उचित व्यवस्थापन, यान्त्रिकीकरण, स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुका साथै स्थानीय स्तरका आरनलाई प्रोत्साहन गरेर निजी क्षेत्रका लगानीकर्तालाई आकर्षित गर्दै देशमै लगानी गरी उत्पादन र व्यवसायमुखी कृषि पेशा बनाई देशमै रोजगारी प्रदान गर्न सकिन्छ । अबको एक दशकभित्र यी विषयलाई ध्यान दिन सकेमा हाम्रो अर्थतन्त्रमा सुधार सँगै नागरिकमा खुशी र समृद्धि छाउने कुरामा विश्वस्त हुन सकिन्छ ।

### शिक्षा

२०९० को दशकसम्म देश सुखी र समृद्ध बन्नका लागि अबको प्रमुख प्राथमिकता भनेको शिक्षामा ध्यान दिनु हो । कुनै पनि देशको विकासका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षाको स्तरले मुलुकको समृद्धि मापन गर्छ, समाजको चाहनाले शिक्षाको उद्देश्यलाई प्रभाव पार्छ भने शिक्षाले समाज रूपान्तरणको गति निर्धारण गर्छ । त्यसैले शिक्षा सामाजिक परिवेश, राष्ट्रिय माग अनुरूप बनाउन आवश्यक देखिन्छ । यसरी नियाल्दा नेपालको शिक्षा प्रणालीले व्यक्ति, समाज र राष्ट्रको आवश्यकता सँगसँगै विवेकशील समाजको पुन:निर्माणका लागि चाहिने नागरिक ज्ञान, सीप, क्षमता र चरित्र निर्माण गर्न सकिरहेको छैन । त्यसैले अबको समयमा शिक्षालाई प्राथमिकतामा राखेर जोड दिने हो भने नेपाल विकसित र समृद्ध हुन धेरै समय लाग्दैन ।

हामीले देख्न सक्छौं विकसित, आर्थिक क्षेत्रमा फड्को मारेका देशले शिक्षालाई प्राथमिकतामा राखेका छन् । आधुनिक सिंगापुरका निर्माता लि क्वान युले मानव संसाधन विकासमा उपयुक्त शिक्षा नीति ल्याएर नै आर्थिक-सामाजिक रूपान्तरणको जग हालेका हुन् । उनको रणनीति थियो– 'टिच लेस, लर्न मोर' अर्थात् थोरै पढाउ, धेरै सिक । व्यक्ति र शिक्षाको अन्तरसम्बन्ध कायम भएपछि त्यो सम्भव हुन्छ ।

दक्षिण अफ्रिकाका चर्चित राजनीतिज्ञ तथा पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले भन्नुभएको थियो- 'शिक्षा नै यस्तो शक्तिशाली अस्त्र हो जसको प्रयोगले संसारलाई बदल्न सक्छ ।' उहाँको यो भनाइबाटै प्रष्ट हुन्छ कि शिक्षामा कति शक्ति छ । अर्का विद्वान् कन्फ्युसियस भन्छन्- 'शिक्षाले आत्मविश्वास बढाउँछ, आत्मविश्वासले आशा भर्छ र आशाले शान्ति ल्याउँछ । तसर्थ शिक्षाले शान्त, समृद्ध र सशक्त राष्ट्र निर्माण गर्न सघाउँछ ।' त्यसैले अबको समयमा हाम्रो देशमा गुणस्तरीय शिक्षामा प्रमुख जोड दिनुपर्ने हुन्छ ।

गुणस्तरीय शिक्षा प्रत्येक रोग र समस्याको एक मात्र अचूक औषधि हो जसले गरिबी, अव्यवस्था, अशान्तिलाई निर्मूल गर्न सक्ने क्षमता राख्दछ । त्यसैले गुणस्तरीय शिक्षामा जोड दिन सकियो भने २०९० को दशकसम्म देशले समृद्धि र बलियो अर्थतन्त्रको रेखाचित्र कोर्नेछ । हामीसँग शिक्षा नीति त छ तर गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक, आत्मनिर्भर, अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने खालको नभएकोले नयाँ शिक्षा नीति, ऐन, नियमावली, निर्देशिका निर्माण गरेर आत्मनिर्भरता, शान्ति, स्थायित्व र समृद्धितर्फ मुलुकलाई लैजान जरूरी भएको छ । जसका लागि सबैभन्दा पहिले पाठ्यक्रममा परिमार्जन गर्न जरूरी छ । नयाँ कुरा सिक्ने, आफूलाई चिन्न सक्ने, नैतिकता, मानवीयता, पूर्वीय दर्शन, सिर्जनात्मकता, विकासलाई विशेष जोड दिएर पाठ्यक्रम निर्माण गर्न सकेमा हाम्रो शिक्षा प्रणाली परिणाममुखी हुनेछ ।

अर्को शिक्षण विधि बदल्न जरूरी छ । आजको विज्ञान, प्रविधिको युगमा शिक्षण पद्धति वैज्ञानिक हुनुपर्छ । सिकाइलाई कलात्मक, सिर्जनात्मक बनाउनेतर्फ ध्यान दिने हो भने नेपालको विकास, शान्ति, समृद्धि, सहकार्य र एकतालाई नब्बेको दशकसम्म बलियो बनाउन सक्नेछौं । अर्को मुख्य कुरा अबको शिक्षा प्रविधिमैत्री बनाउन जरूरी छ । सूचना र सञ्चार प्रविधिको युगमा बालकलाई आधुनिक विज्ञान र प्रविधिमा सहयोग गर्नुपर्छ । नयाँ सिकाइ सहजीकरण गर्ने मेकानिजम तयार गर्नुपर्छ ।

अर्को मुख्य ध्यान दिनुपर्ने विषय भनेको परीक्षा प्रणालीमा छ । आजको शिक्षा प्रणाली तीन-चार घण्टाको लिखित परीक्षाको ग्रेडसिटका आधारमा मूल्यांकन गरिन्छ जुन अव्यावहारिक छ । त्यसैले अबको मूल्यांकन पद्धतिमा विद्यार्थीको जीवन सीप, व्यावहारिक सीप, नैतिक मूल्यमान्यता र आदर्शको प्रायोगिक सीपमा जोड दिँदै विद्यार्थीको सिर्जनात्मकता, समालोचनात्मक चिन्तन, सहकार्यमा आधारित भएर लाग्ने हो भने आउने १० वर्षको अवधिमा शिक्षामा आमूल परिवर्तन गर्न सकिन्छ । जसले राष्ट्रलाई समृद्ध नेपाल बन्नमा अग्रसर गराउने छ ।

### पर्यटन

देशको अर्थतन्त्रको कायापलटका लागि पर्यटन क्षेत्रमा विशेष ध्यान दिनुपर्ने हुन्छ । नेपालमा धेरै सम्भावना भएको उद्योग हो, पर्यटन क्षेत्र । त्यसैले पर्यटन क्षेत्रको विकास गर्ने हो भने अबको १० वर्षभित्र हाम्रो देश विकसित राष्ट्रको स्तरमा पुग्नेछ । प्रचुर सम्भावना भएको क्षेत्र हुँदाहुँदै पनि पर्यटन क्षेत्रबाट हाम्रो देशले उचित लाभ लिन सकिरहेको छैन ।

असुरक्षित हवाई यात्राको सूचीमा नेपाल परिरहनु, प्राकृतिक सम्पदाहरूको अतिक्रमण बढ्दै जानु, पर्यटकहरूको सुरक्षाको सवालमा कमजोर स्थिति देखा परिरहनु जस्ता समस्याको कारणले पर्यटन व्यवसाय ओझेलमा परेको छ । पर्यटन व्यवसायलाई सुधारोन्मुख बनाउनका लागि यी यावत् क्षेत्रमा सुधार गर्न सक्यौं भने २०९० सम्ममा हाम्रो अर्थतन्त्रमा कायापलट हुनेछ ।

नेपाल संघीय ढाँचामा प्रवेश गरि सकेको परिप्रेक्ष्यमा समग्र नेपाल र प्रादेशिक तहसम्मको पर्यटन प्रवर्धनका लागि नयाँ संरचनाहरूको निर्माण, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश अनुकूल नीति बनाई लागू गर्ने, सुरक्षित र भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी वृद्धि गर्ने, पर्यटन विविधीकरण तथा गुणस्तरमा वृद्धि, परम्परागत, मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्धन गर्ने, व्यावसायिक दक्ष जनशक्ति विकास गर्ने, गन्तव्यहरूको पहिचान तया बजारीकरणमा जोड दिँदै जानु नै आजको प्रमुख आवश्यकता हो । यसका लागि गुणात्मक सुधार नै पहिलो शर्त हो ।

त्यस्तै बदलिंदो परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश अनुसार पर्यटन बोर्डको पुन:संरचनामा ध्यान दिई पर्याप्त होटल, आवासको गुणस्तर मूल्यांकन प्रणालीको विकास र विस्तार, राष्ट्रिय गौरवका आयोजनाहरू, विमानस्थल, द्रुत मार्ग आदिको समयमै निर्माण गर्न सकेमा पूर्वाधार लगानीमा वृद्धि सँगै राम्रो प्रचारप्रसार हुनसकेमा आउने पर्यटनको संख्यामा वृद्धिका साथै देशको बिग्रिँदै गइरहेको अर्थतन्त्रमा कायापलट गर्न सकिन्छ ।

यसरी हाम्रो देशमा रहेका सगरमाथा, गौतम बुद्धको जन्मस्थान लुम्बिनी र नेपालका जलसम्पदा र जडीबुटीको राम्ररी उपभोग गर्न सकेमा राष्ट्रले चाँडै कोल्टे फेर्न सक्नेछ । यसका लागि राजनीतिक स्थिरता, नेतृत्वमा दृढ इच्छा हुनुपर्ने हुन्छ जसले विदेशिन बाध्य लाखौं युवालाई देशमै यस्ता क्षेत्रमा लगानी गरी व्यापार, व्यवसाय, पर्यटन, उद्योगमा विशेष जोड दिनेछ ।

समग्रमा भन्नुपर्दा, हाम्रो देश नेपाल सुन्दर शान्त गौतम बुद्धको देश भनेर पनि विश्वमा चिनियोस् । म अबको दशकमा यस्तो देशको परिकल्पना गर्दछु कि हाम्रा प्रारम्भिक आवश्यकताका कुराहरूमा अरूमाथि निर्भर पर्नु नपरोस् । भोजन, कपडा, आवास, शिक्षा, स्वास्थ्य जस्ता हाम्रा प्रारम्भिक आवश्यकताहरू हाम्रै मुलुकमा प्राप्त स्रोत-साधनहरूको आधारमा होउन् । हाम्रा प्राचीन कला, संस्कृति, धार्मिक सहिष्णुतालाई संरक्षण गरी हाम्रा शक्तिका स्रोत नदीनाला, कृषि, पर्यटन, गुणस्तरीय शिक्षा, नयाँ आर्थिक योजना, व्यवसायीमुखी कार्यक्रम ल्याउन सके आम मानसपटलमा छाएको निराशालाई अबको एक दशकभित्र कायापलट गरी बलियो अर्थतन्त्र बनाउन सकिन्छ भन्ने कुरामा कुनै द्विविधा छैन ।

*(साभार: अनलाइनखबर)*

# कुशासनको परिणाम भयावह

सोमबहादुर थापा

दक्षिण कोरिया, सिरिया, श्रीलंका र बंगलादेशका घटनाले नागरिक शक्तिशाली हुन्छन् भन्ने देखाउँछन् । ती देशका जनताले निरंकुश, भ्रष्ट र तानाशाही शासकहरूको सातो उँडाएका छन् । लोकतान्त्रिक शासन व्यवस्थामा जनताभन्दा माथि कोही पनि हुन सक्दैन । यी देशका घटनाले दिने सन्देश यही हो । दक्षिण कोरियाका राष्ट्रपति युन सुक यउलले विपक्षी दलहरूलाई सहमतिमा लिन सकेनन् । उनीहरूलाई राष्ट्रघातको आरोप लगाउँदै देशमा मध्यरातमा सैनिक शासन लागु भएको घोषणा गरे । सैनिक शासन लागु गरेको घोषणा गर्नासाथ राष्ट्रपतिलाई जिताउने तिनै जनता सैनिक कदमविरुद्ध सडक उत्रिए ।

यता दक्षिण कोरियाको संसद् नेसनल एसेम्बलीका सदस्यहरू पनि सेनाको घेराबन्दी तोड्दै संसद्मा भेला भए । तिनीहरू सैनिक कानुन तत्काल अमान्य घोषित गर्न सफल भए । जनविरोध र ससंद्को सक्रियता तथा आनै पार्टीका सांसद र नेताहरूसमेतको विरोधका कारण छ घन्टामै राष्ट्रपति युन सुक सैनिक शासन फिर्ता लिन बाध्य भए । कानुनमा स्नात्तकोत्तर गरी छब्बीस वर्षसम्म सरकारी वकिलको पृष्ठभूमि भएका राष्ट्रपति युन सुकले संविधान र कानुन नबुझी सैनिक शासन लागु गरेका त पक्कै होइन । तर यो उनको महाभूल साबित भयो । सैनिक शासन लागु गरेर उनले आनो खुट्टामा आफैंले चञ्चरो हान्ने काम गरे ।

कोरियाली संसद्मा रहेका विपक्षीहरूले सैनिक शासनको घोषणालाई मात्रै उल्ट्याएनन् राष्ट्रपतिमाथि दोस्रोपटक महाभियोगको प्रस्ताव राख्दै निलम्बन गर्न पनि सफल भए । सैनिक शासन लोकतान्त्रिक शासनको विकल्प होइन । लोकतान्त्रिक शासन व्यवस्थालाई बद्नाम गराउन सैनिक शासन लागु गरिन्छ । सैनिक शासनअन्तर्गत नागरिकका हकअधिकार खोसिन्छ भने स्वतन्त्र न्याय प्रणालीलाई सैनिक शासकको निर्देशनअनुसार चल्ने चलाउने गरिन्छ ।

निरंकुशता, स्वेच्छाचारिता, विभेद र भ्रष्टाचार नागरिकले मन पराउँदैनन् । यो शासक र शासकीय वृत्तले बुझ्नुपर्ने वास्तविकता हो । हामी कहाँ दुई दशकअघि त्यसरी नै तत्कालीन राजा ज्ञानेन्द्र शाहले एकाएक देशमा कार्यकारी अधिकार आफैंमा अन्तर्निहित गरी हिँडडुलसमेत गर्न नसक्ने डा. तुल्सी गिरि र कीर्तिनिधि विष्ट दायाँबायाँ लगाउँदै हिँड्न खोजे, सैन्य बलमै आधारमा । तर, तिनको शासन चौध महिनाभन्दा बढी टिक्न सकेन । अन्तत: राजतन्त्र नै समाप्त भयो । अर्थात्, ज्ञानेन्द्र अरूका लागि खनेको खाडलमा आफैं जाकिन पुगे ।

कोरियाली राष्ट्रपति युन सुकमाथि भ्रष्टाचार र पदीय दुरूपयोगसम्बन्धी मुद्दा लागेको छ । उनकी श्रीमतीले उपहारमा लिएको महँगो ब्याग ठूलै 'इस्यु' बनेको छ । दुवै मुद्दा अदालतबाट प्रमाणित भएमा उनले आजीवन काराबास वा मृत्युदण्डको सजाय भोग्नुपर्ने हुन्छ । राष्ट्रपतिकै पार्टीका धेरै सांसद र केन्द्रीय नेताहरूलाई पनि उनको कदम मन परेको थिएन । त्यसैले उनकै पार्टीका सदस्यहरू पनि सैनिक कदमको विरोधमा खुलेरै लागे । वास्तवमा राष्ट्रपतिले संसद्मा विपक्षीको बहुमत भयो भन्दैमा आवेशमा देशमा सैनिक शासन लागू गर्नु नै उनको महाभूल साबित भयो । यो उनको अराजनीतिक र मूखर्तापूर्ण निर्णयले दक्षिण कोरियाका जनता लोकतान्त्रिक शासन व्यवस्थाको पक्षमा कति प्रतिबद्ध रहेछन् भन्ने भने देखाएको छ ।

यस घटनाले राष्ट्रपति वा अरू कुनै पनि सार्वजनिक पदाधिकारी उपर कुनै पनि देशका जनताले पूर्ण विश्वास र भरोसा गर्न हुँदोरहेनछ भन्ने पनि देखाएकोछ । जब देशमा अराजकता, अन्याय, बेथिति र भ्रष्टाचारले सीमा नाघ्छ तब सडकमा सडकमा उत्रिनु स्वाभाविक हुन्छ । अझ यस्ता घटनामा जनता स्व:स्फूर्त सडकमा आउँछन् भन्ने पनि देखाएको छ ।

सिरियाली विद्रोहीहरूले तानाशाही भ्रष्ट शासक बसर अल असदलाई लखेटेरै छाडे । उनी र उनका पिताले चौवन्न वर्षसम्म सिरियामा निरंकुश शासन चलाएका थिए । बसर अल असदले गृह युद्धका बेला रसियाली सेनामार्फत लाखौं सिरियालीहरूको हत्या गराएका थिए । बसरको चौबीसे वर्षे शासनकालको अन्त्यका साथै उनको भविष्य के हुन्छ भन्ने अन्योल छ । भ्रष्ट र निरंकुश शासकहरूको हालत यस्तै हुन्छ ।

उता श्रीलंकामा राष्ट्रपति जयवर्धनेको पालासम्म स्वर्गको टुक्रा मानिन्थ्यो । उनीपछि आर्थिकरूपमा खस्कँदै गयो । पछिल्ला शासकहरू भ्रष्टाचारमा लिप्त हुँदा श्रीलंकाको आर्थिक अवस्था निकै खस्केर गयो । भ्रष्टाचार बढ्दै जाँदा जनताले खान बस्न पनि नपाउने स्थिति भयो । सन् २०२२ मा श्रीलंकाली जनताले राष्ट्रपति गोतावाय राजापाक्षेलाई सडकै उत्रिएर लखेटे । यता आरक्षणको विरोध गर्ने विद्यार्थीहरूले पन्ध्र र्षसम्म अकण्टक शासन गरेकी बंगलादेशकी शक्तिशाली प्रधानमन्त्री शेख हसिनालाई सत्ता छाडेर भाग्न बाध्य पारेको पनि देखिएकै हो । गत जुलाईमा सुरु भएको आन्दोलनबाट हसिना सत्तामात्र होइन देशै छाडेर भाग्न बाध्य भइन् ।

दक्षिण अफ्रिकामा नेल्सन मन्डेलासँगै स्वतन्त्रताका लागि लडेका राष्ट्रपति ज्याकोव जुमा भ्रष्टाचार गरी अकुत सम्पति कमाएको अभियोगमा जेलमा सजाय भोगिरहेका छन् । अरू देशमा पनि भ्रष्टाचार गर्ने शासकहरूको हालत यस्तै देखिन थालेको छ । यो समय लोकतन्त्र, उदारवाद, खुलापन, सामाजिक न्याय, प्रतिस्पर्धा र सुशासनको समय हो । विश्वका कुनै पनि देशका शासकले निरंकुशता, नातावाद, कृपावाद र भेदभावपूर्ण तरिकाले शासन गरे जनताले सजाय दिन्छन् भन्ने बुझ्न जरुरी छ ।

भ्रष्टारले देश र जनतालाई खान्छ । क्यान्सरभन्दा पनि खतरा रोग हो भ्रष्टाचार । जनता भ्रष्टाचार गर्ने शासक वा कर्मचारी कसैलाई पनि विरोध गर्न र सडकमा उत्रिन डराउँदैनन् । सन् १९६० तिर दक्षिण कोरियामा ठूलो राजनीतिक अस्थिरता थियो । त्यतिखेर नेपालजस्तै सामान्य अवस्थाको दक्षिण कोरिया आज नेपालभन्दा सबै क्षेत्रमा धेरै अगाडि छ । कुशल नेतृत्व, स्थिर शासन र भ्रष्टाचार नियन्त्रणका कारण आज दक्षिण कोरियामा कसैको लगानी नचाहने स्थितिमा छ । यतिखेर नेपालका संघीय सरकार , संघीय संसद्, न्यायापालिका, कर्मचारीतन्त्र र विपक्षीहरूको कामकारबाही एवं भूमिकाप्रति असन्तुष्ट छन् । पाँचसात वर्षदेखि देश ठूलो आर्थिक संकटमा छ । स्थापित उद्योग, कल कारखना, प्राय: सबै बन्द हुने स्थितिमा छन् । सरकारी संस्थानहरू अधिकांश घाटामै छन् । महँगीले सीमा नाघेको छ । जनताले एकछाक टार्न पनि गाह्रो बन्दै गएको अवस्था छ ।

सबै तहका सार्वजनिक संस्था र निकायमा भ्रष्टाचार बढ्दो छ । पहिला पहिला मालपोत, भन्सार, कर, नापी कार्यालय र भूमिसुधार कार्यालय घुसखोरी तथा भ्रष्टाचारको मूल केन्द्र मानिन्थे । वन, पूर्वाधार निर्माण, आपूर्ति तथा सेवा क्षेत्र र स्वास्थ्य क्षेत्र पूरैजसो भ्रष्टाचारले अखडा बन्न पुगेका छन् । संस्थागत भ्रष्टाचारका कारण नेपालका विकास योजना अधिक महँगा बन्दै गएका छन् । विदेशी लगानीकर्ताहरू नेपालमा भ्रष्टाचारको बढ्दो 'ग्राफ' देखेर तर्सेको चर्चा पनि व्यापक बन्दै गएको छ ।

श्रमिकले खाई नखाई पठाएको पैसा र स्वास्थ्य बिमाको पैसामा पनि भ्रष्टाचार हुने गरेको समाचार आउन थालेका छन् । स्वास्थ्य बिमाका बिरामीहरूले चिकित्सकले लेखेअनुसारको औषधी अस्पतालको फार्मेसीमा नपाउँदा निजी क्षेत्रद्वारा सञ्चालित महँगो औषधी किन्न बाध्य छन् । पहिला कर्मचारीतन्त्रमात्रै भ्रष्ट मानिन्थ्यो । अहिले राजनीतिक नेतृत्व पनि भ्रष्टाचारमा लिप्त हुँदै गएको छ । भ्रष्टाचारको आशंकामा मन्त्रिपरिषद्को निर्णयविरुद्ध अनुसन्धान र कारबाही गर्न नपाइने व्यवस्थाले शासक वृत्त भ्रष्टाचारमा डुब्न पुगेको छ । नातावाद र कृपावादले पनि सीमा नाघेको छ । दलीय भागबन्डाले योग्यता, कार्यदक्षता र अनुभवलाई उपहास गरेको छ ।

*(साभार: बाह्रखरी)*

प्राइमको डेढ अर्ब अपचलन :

# सहकारी पीडित पीडामै, प्रतिव्यक्ति बिगो तोक्न प्रतिवादीकै हारगुहार

पोखरा/गण्डकी प्रदेशकै सबैभन्दा ठूलो रकम अपचलन भएको भनिएको पोखराको प्राइम बहुउद्देश्यीय सहकारी ठगी प्रकरणमा अहिलेसम्म ८ जना पुर्पक्षका लागि कारागार चलान भइसकेका छन् भने २४ जना अझै फरार छन् । पुर्पक्षका लागि कारागार चलान हुने र धरौटी छुट्ने प्रतिवादी ४२ जना पुगिसकेका छन् । त्यसमध्ये ३४ जना धरौटीमा छुटेका छन् । झण्डै १ अर्ब ६० करोड रकम हिनामिना भएको प्राइम सहकारी ठगीमा प्रहरीले व्यक्तिको कसुरअनुसार प्रतिव्यक्ति बिगो किटान गरेर सोही बमोजिम प्रतिवादीहरूलाई प्रस्तावित सजाय माग दाबी पेश गरेको थियो ।




प्रहरीले प्रतिव्यक्ति बिगो र सजायसहितको प्रतिवेदन बुझाए पनि सरकारी वकिलको कार्यालयले भने एकमुष्ट बिगो र सजाय तोकेर अभियोजन दर्ता गरेपछि पीडितलाई बचतकै चिन्ता परेको पीडितले गुनासो गरेका छन् । प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयले गरेको वित्तीय विश्लेषणका आधारमा प्रहरीले गरेको अनुसन्धानबाट ६६ जनालाई विपक्षी बनाउँदै व्यक्तिअनुसारको बिगो र सजायको राय पेस गर्दै गत जेठमा सरकारी वकिलको कार्यालयलाई अनुसन्धान प्रतिवेदन बुझाएको थियो ।

उक्त अनुसन्धानको तहकिकात गर्ने सिलसिलामा प्रहरीले वित्तीय विश्लेषक निर्मल गौतमलाई समेत उपस्थित गराई प्रस्तावित बिगो तथा सजायको माग दाबीको लागि प्रतिवेदन तयार गरेर बुझाएको थियो । विशेषज्ञको रायसहित पेश भएको प्रतिवेदनमा सहकारीका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रमणि पौडेल र व्यवस्थापक निरु थापा केसी हिनामिनाको मुख्य योजनाकार रहेको उल्लेख गर्दै १ अर्ब ५५ करोड र मुख्य कार्यालय रहेको घरजग्गासमेत बिगो माग दाबी गर्दै असुल गर्न राय दिएको थियो ।

सुरेन्द्रमणि र निरुको योजना तथा संलग्नतामा ३४ वटा प्रकरणमा सहकारीको रकम हिनामिना भएको र ती प्रकरणमा अलग अलग अन्य प्रतिवादीकोसमेत संलग्नता रहेको प्रतिवेदनले खुलाएको थियो । त्यही संलग्नताका आधारमा प्रकरण बमोजिम बिगो र सजाय किटान गरेको थियो । तर, सरकारी वकिलको कार्यालयले भने मुख्य योजनाकार सुरेन्द्रमणि र निरु थापालाई राहत मिल्ने गरी कसुरको प्रकृति र मूल्य नहेरी गोलमोटल रुपमा ६६ जना नै प्रतिवादीसँग एकमुष्ट माग दाबी गर्दै अभियोजन दर्ता गरेपछि पीडितले संशय व्यक्त गरेका छन् ।

'कसले कति कसुर गरेका हुन्, कुन प्रतिवादीले कहाँ कहाँबाट कसरी सहकारीको रकम हिनामिना गरेका हुन् भन्ने प्रतिव्यक्तिको कसुर अनुसारको बिगो नखुल्दा पीडितले पैसा नै फिर्ता नपाउने हो कि भन्ने चिन्ता भयो,' सहकारी पीडित कृष्ण पौडेलले भने, 'पीडितहरू पनि एकजुट हुन सकिएन, ऋृण उठाउन पनि सक्ने अवस्था पनि रहेन । राज्यले लगेर थुन्नेमात्रै होइन, कसुर अनुसारको बिगो भराउने व्यवस्था वा संयन्त्र पनि बनाइदिनुपर्‍यो ।'

प्राइम सहकारीका बचतकर्ताले विशेष सभा गरेर नयाँ कार्यसमिति ब्युँताउने र ऋृण उठाउने प्रयत्न पनि गरेका थिए । तर, सहकारीको रकम फिर्ता ल्याउने, ऋृण उठाउने विधि र संयन्त्र स्पष्ट नहुँदा अन्योल सिर्जना भएको पीडितको भनाइ छ ।

सरकारी वकिलको कार्यालयले व्ययक्तिको कसुरअनुसार बिगो र सजाय नतोकिँदा समस्या भएको भन्दै केही प्रतिवादी र पीडितहरूसमेत कास्की जिल्ला अदालतदेखि जिल्ला तथा उच्च सर कारी वकिलको कार्यालय, सहकारी रजिस्ट्रारको कार्यालय गण्डकीसम्म निवेदन लिएर पुगेका छन् । उनीहरूले व्यक्तिअनुसार बिगो र सजाय माग दाबीका लागि प्रहरी अनुसन्धान प्रतिवेदनसमेत उक्त मुद्दाको मिसिलमा समावेश गराई न्याय निरुपण गर्न माग गरेका छन् ।

मुद्दाको फैसलालाई समेत सहज पुग्ने भएकोले सक्कल प्रहरी प्रतिवेदनसमेत मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा २३ को उपदफा ३ बमोजिम मिसिलमा संलग्न गराउने व्यवस्थाको लागि सहजीकरण गरिदिन नियमनकारी निकायलाई उनीहरूले गुहारेका छन् । मुद्दालाई कमजोर बनाउने र प्रमुख योजनाकारलाई नै फाइदा पुग्ने काम गरेको भन्दै सरकारी वकिलको कार्यालयका तत्कालीन न्यायाधिवक्ताहरूलाई पनि अनुसन्धान गर्न उनीहरूको माग छ ।

'हामीले गरेको गल्तीको सजाय भोग्न तयार छौं तर एकमुष्ट १ अर्ब ५७ करोडको बिगो र ८ देखि १० वर्षको सजायको भारी ६६ जनालाई समान हिसाबले बोकाउन खोजियो । कसुरको संलग्नताका आधारमा पो बिगो र सजाय व्यवस्था गर्नुपर्ने होइन र ?' उनीहरूको प्रश्न छ । प्रतिवादीहरूले सबैलाई एकमुष्ट, गोलमटोल बिगो र सजाय मागदाबी हुँदा आफूहरू अन्यायमा परेको भन्दै निवेदन आएको सहकारी रजिस्ट्रारको कार्यालय गण्डकी प्रदेशका रजिस्ट्रार भेषराज रिजालले बताए ।

'वित्तीय विश्लेषण प्रतिवेदनको आधारमा प्रहरी अनुसन्धान प्रतिवेदनमा प्रतिव्यक्ति बिगो र सजाय नै तोक्ने मिल्ने गरी गएको थियो भन्ने छ । सरकारी वकिलको कार्यालयबाट के कसरी पठाउनुभयो,' रजिस्ट्रार रिजालले भने, 'निवेदन आइसकेपछि सम्मानित अदालत, सरकारी वकिलको कार्यालयमा त जानकारी गराउनैपर्छ । तर, प्रहरी मार्फत गर्ने कि कसरी भन्ने यकीन भइसकेको छैन ।'

प्राइम सहकारीको मुद्दा सम्मानित अदालतमा विचारधीन अवस्थामा रहेको र यो विषयमा थप अभियोजन गर्न पनि सकिन्छ तर त्यसको पनि प्रक्रिया हुने सरकारी वकिलको कार्यालय कास्कीका जिल्ला न्यायाधिवक्ता कमला कृलेले बताइन् । 'निवेदनको हामीलाई पनि बोधार्थ आएको छ । अदालतमा श्रीमानले हेरिरहनुभएको छ, त्यो विषयमा अदालतले नै तोकेर ल्याउनु भन्यो भने थप अभियोजन लैजान सक्ने बाटो पनि छँदै छ,' न्यायाधिवक्ता कृलेले भनिन्, 'थुनामै भए पनि सहमति गर्न मिल्ने गरी कानुनी व्यवस्था पनि खुकुलो हुँदैछ । कसुरकै आधारमा सजाय हुने हो ।'

प्राइम बहुउद्धेश्यीय सहकारी ठगी प्रकरणमा गत जेठ २७ गते ६६ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर भएको थियो । प्रमुख कार्यकारी निर्देशक सुरेन्द्रमणि र व्यवस्थापक निरु थापाको योजनामा सहकारीको सेयर तथा बचत रकमबाट व्यक्तिगत घर जग्गा किन्ने, फर्जी खाता खोलेर रकम हिनामीना गर्ने, एजेन्ट नै राखेर मिटर ब्याजमा लगाउने तथा ऋणीबाट घरजग्गा उठाउनेजस्ता कार्य गर्ने, मिटर ब्याजी र सरकारी कर्मचारीलाईसमेत गरी ६६ जनालाई मुद्दा दायर भएको हो ।

२०६६ सालमा दर्ता भएर सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की पोखराबाट २०७२ असारबाट बहुउद्धेश्यीयमा रुपान्तरित भएको यो सहकारीको कार्यक्षेत्र सुरुमा पोखराका वडा नम्बर ३, ४, ५, ८ र ९ भर रहेकोमा अहिले कास्की, तनहुँ र गोरखा जिल्ला कार्यक्षेत्र कायम छ । यसको कार्यालय पोखरा महानगरपालिका वडा नं. ०४ मा रहेकोमा लेखनाथ, बगर, नयाँपुल गरी ३ सेवा केन्द्रमार्फत कारोबार गरिरहेको थियो ।

सहकारीका अध्यक्ष शंकर कार्की, प्रमुख कार्यकारी अधिकृत तथा तत्कालीन सचिव सुरेन्द्रमणि पौडेल, व्यवस्थापक निरु थापा केसी, पूर्व अध्यक्ष दिनेशप्रसाद कोइराला, कोषाध्यक्ष सन्दिप अर्याल, पूर्व कोषाध्यक्ष कुलदीप भट्टराई, हिनामिनामा संलग्न रहेको आरोपमा पक्राउ परेका उत्तम मगर, कर्जा शाखा प्रमुख सुनील थापा पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

(स्रोत: संचारकर्मी)

# संजीवनीले नेपाली फिल्म 'माइतीघर'को शीर्ष गीत गाउने

काठमाडौं/चर्चित बलिउड पार्श्वगायिका संजीवनीले आगामी नेपाली फिल्म 'माइतीघर'को शीर्षगीतमा आवाज दिने भएकी छन् । यसअघि सोही नामबाट निर्माण भएको फिल्मको कालजयी गीत 'वसन्त नै बस्न खोज्छ यहाँ...'को नयाँ संस्करणमा उनलाई सुन्न पाइने भएको हो ।






यसअघि उक्त चर्चित गीतमा आशा भोसलेको आवाज थियो । संगीत जयदेव र शब्द किरण खरेलकै यथावत हुनेछन् । संजीवनीको स्वर र रिकेश गुरुङको एरेन्जमा कुनैबेलाको चर्चित गीतले नयाँ जीवन पाउनेछ । फिल्मका निर्माता रोहित अधिकारी र संजीवनीबीच सोमबार गीत रेकर्डबारे सहमति भएको छ ।

आउने साता मुम्बईको एक स्टुडियोमा संजीवनीले आफ्नो आवाजमा गीत रेकर्ड गराउनेछिन् । यसको लागि उनले राम्रै पारिश्रमिक लिने सहमति भएको निर्माता अधिकारीले बताए । 'पहिला पनि आशा भोसलेले गाउनुभएको थियो । त्यो फिल कायम रहोस् भनेर संजीवनीकै स्वरमा रेकर्ड गर्ने पक्का भएको हो' अधिकारीले भने, 'किनभने संजीवनीले पहिला पनि धेरै नेपाली गीतमा आवाज दिनुभएको छ ।'

गीतले नयाँ जीवन पाउने उनले बताए । 'पुरानै बाजा प्रयोग गरेर नयाँ स्वर र आवाज हालेर गीतलाई उठाउँछौं । पुरानो गीत बसेको रहेछ, उठाउन खोजिएको छ' उनले भने । यस गीतका लागि यसैसाता 'माइतीघर'को मौलिक गीतका एकमात्र जीवित सर्जक तथा गीतकार किरण खरेलबाट प्रतिलिपि अधिकार सुनिश्चित गरिएको निर्माताले जनाए । 'खरेलसँग प्रतिलिपि अधिकारबारे कागजी सम्झौता भैसकेको छ' उनले भने ।

संजीवनीले पानी मीठो मेरो हजुर, पुरानो हुँदैन माया, डाँडा पाखा छहराले, तिम्रो सम्झनाले मलाई, आँखामा आउने तस्वीर, गैरीखेतको शीरै हान्योजस्ता हिट नेपाली गीतमा स्वर दिएकी छन् । 'माइतीघर' फिल्मको कुरा गर्दा, मिलन तामाङले निर्देशन गर्ने यो फिल्मको छायांकन चैतदेखि गर्ने तयारी छ ।

यसमा केदार घिमिरे, प्रकाश सपुत, बुद्धि तामाङ, दिकिला शेर्पा, उपासनासिंह ठकुरीले अभिनय गर्ने पक्का भएको छ । फिल्मको प्रचारप्रसार तीव्र तुल्याइने जानकारी निर्माता अधिकारीले दिए ।

# अनमोल र नीति : फिल्ममा जुर्न नसकेको जोडी

काठमाडौं/लामो समयदेखि दर्शकको एउटा तप्काले पर्दामा हेर्न चाहेको जोडी हुन्, अनमोल केसी र नीति शाह । फिल्ममा उनीहरुको जोडी बाँध्ने प्रयास नभएको पनि होइन, तर आजसम्म सहकार्य जुर्न सकेको छैन । फिल्म 'ड्रिम्स'मा नै अभिनेता भुवन केसीले अनमोल र नीतिको जोडी बाँध्न खोजेका थिए । तर, त्योबेला नीतिले रुचि नदेखाएपछि 'ड्रिम्स'बाट साम्राज्ञी आरएल शाहले डेब्यु गरेकी थिइन् ।



जब नीतिले अभिनेत्री बन्ने सोच बनाइन्, त्यसपछि पनि उनको अनमोलसँग जोडी बाँध्न केही निर्माता अगाडि सरेका थिए । 'एक्स ९' भन्ने फिल्ममा दुवैसँग सम्झौता नै भएको थियो । तर, यो फिल्म बन्न सकेन । यसपछि 'रावायण' भन्ने फिल्ममा पनि उनीहरुको जोडी बाँध्न खोजिएको थियो । तर, छायांकनको अन्तिम समयमा आएर अनमोलले फिल्म छाडेपछि नीतिलाई पनि हटाइयो ।

फिल्ममा सहकार्य जुर्न नसकेको भए पनि अनमोल र नीतिबीच निकै राम्रो सम्बन्ध छ । स्कूलका सहपाठी समेत रहेका उनीहरुको बेलाबखतमा भेट भइरहन्छ । यतिबेला उनीहरु अमेरिकामा छन् । आइतबार सान फ्रान्सिस्कोमा आयोजना भएको 'गोल्डेन नेपाली फिल्म अवार्ड'मा सहभागी हुन पुगेका उनीहरु त्यहाँ घुमफिर देखि फोटो सेसनमा रमाइरहेका छन् ।

नीतिले अवार्ड सकिएपछि अनमोलसँग खिचेका केही प्रेमिल तस्वीरहरु आफ्नो सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्राममा सेअर गरेकी छन्, जसमा उनीहरु हँसिलो मुद्रामा देखिएका छन् । एउटा तस्वीरमा अनमोल र नीतिले एकअर्कालाई हेरेर मुस्कुराएका छन् । यसले पनि उनीहरुबीच हार्दिक सम्बन्ध रहेको दर्शाउँछ । अब यो जोडीलाई पर्दामा हेर्न दुवैका प्रशंसकहरु अधैर्य छन् ।

# मधेशमा बढ्यो व्यक्ति हत्या शृंखला, ६ महिनामा ३६ को हत्या

जनकपुरधाम/शनिबार एकाबिहानै एकपछि अर्को व्यक्ति हत्याको घटनाले मधेश प्रदेशभरि सनसनी फैलियो । महोत्तरीमा शनिबार पूर्व वडासचिव सुशील झाको डाँका समूहबाट हत्या भएको घटना सेलाउन नपाउँदै बारामा सिमरा विमानस्थलका सुरक्षा गार्ड राजकुमार रुम्बाको हत्या गरिएको अवस्थामा कारभित्र शव फेला पर्‍यो । महोत्तरीको मनवरासिसवा नगर पालिका-४ साढाका ७० वर्षीय झाको डाँका समूहले लुटपाट गर्ने क्रममा हत्या भएको थियो । महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी सन्तुलाल जयसवारका अनुसार मुक्का प्रहार गरी झाको हत्या भएको देखिएको छ ।

शनिबार बिहान ४ बजेको समयमा ७/८ जनाको संख्यामा पुगेका लुटेरा समूहले घरमा लुटपाट गर्दै पूर्ववडासचिव झाको हत्या गरेको प्रहरीले जनाएको छ । झाको हत्यापछि डाँका समूहले घरमा रहेको सुनको गरगहना र नगद ८० हजार रुपैयाँ समेत लुटेर लगेको थियो । अहिलेसम्म घटनामा संलग्न कोही पनि पक्राउ पर्न सकेका छैनन् । घटनाका विषयमा थप अनुसन्धान भइरहेको महोत्तरी प्रहरीले जनाएको छ । यो घटना बाहिरिएकै केही समय पश्चात बाराको जितपुर सिमरा उपमहानगरपालिका-११ मा बागमती प्रदेश ०१,०२८ च ७६१६ नम्बरको कारभित्र रुम्बा मृत फेला परे ।

उक्त कार सिमरा एयर पोर्टमा कार्यरत राष्ट्रिय अनुसन्धानका प्रहरी निरीक्षक श्रीकान्त तिवारीको रहेको बारा प्रहरीले पुष्टि गरेको छ । तिवारीसँग गाडी मागेर बाहिर निस्केका उनी शनिबार बिहान मृत फेला परेका थिए । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक चीरञ्जीवी दाहालका अनुसार मृतक रुम्बाको टाउकोमा केही वस्तुले प्रहार गरिएको चोट देखिएको छ । उनको हत्या नै भएको प्रहरीको अनुमान छ ।

रुम्बाको शव पोस्टमार्टमको रिपोर्ट आएपछि मात्र केही भन्न सकिने र घटना विषयमा थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रवक्ता डीएसपी प्रकाश सापकोटाले जानकारी दिए । झा र रुम्बाको हत्या भएको अघिल्ला दिन शुक्रबार बिहानै जनकपुरधामको मुरलीचोकस्थित दुर्गा मन्दिरमा एक वृद्धको हत्या भएको अवस्थामा शव फेला परेको थियो । जनकपुरधाम उपमहानगरपालिका-४ स्थित दुर्गा मन्दिर परिसरमा ६१ वर्षीय अरुणकुमार झाको ईंटा प्रहार गरी हत्या भएको थियो ।

धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीका अनुसार घटनास्थलमा रक्सीको बोतल, चुरोटका ठुटा, चप्पल, रगत लागेको ईंटा फेला परेको थियो । सामान्य वादविवाद पछि ती वृद्धको हत्या भएको हुन सक्ने प्रहरीको अनुमान छ । वृद्ध हत्याको अघिल्लो दिन बिहीबार अपराहन्न मात्र धनुषाको मिथिला बिहारी नगरपालिका-२ पुरन्दाहाको पर्शुराम तलाउस्थित बोराभित्र एक युवकको शव फेला परेको थियो ।

धनुषाका प्रहरी प्रवक्ता डीएसपी बरुणबहादुर सिंहका अनुसार सडेगलेको अवस्थामा ३० वर्षीय युवकको शव फेला परेको थियो । युवकको घाँटीमा डाम देखिएकाले हत्या गरेर बोरामा राखेर फालेको हुन सक्ने प्रहरीको आशंका छ । मृतकको अहिलेसम्म पहिचान खुल्न सकेको छैन । गत आइतबार मात्रै सर्लाहीमा ढुंगा प्रहार गरेर घाइते एक महिलाको मृत्यु भयो । लालबन्दी नगरपालिका-१५ तीनतले देउराली बस्ने ६५ वर्षीया विष्णुमाया बम्जनको हत्या भएको हो । उनको हत्या आरोपमा प्रहरीले सर्लाहीकै ईश्वरपुर नगरपालिका-१२ घारीबथान बस्ने ४८ वर्षीय वीरबहादुर मोक्तानलाई प्रहरीले पक्राउ गरेको छ ।

वीरबहादुरले २८ मंसिर राति ढुंगा प्रहार गर्दा विष्णुमाया गम्भीर घाइते भएकी थिइन् । उपचारको क्रममा उनको आज आइतबार लालबन्दीस्थित म्याक्स अस्पतालमा मृत्यु भएको सर्लाही प्रहरीले जनाएको छ । पछिल्लो घटनाक्रमलाई हेर्दा मधेशमा शृंखलाबद्ध जघन्य हत्याको घटना भइरहेको छ ।

धनुषामा मात्रै एक महिनामा चार जनाको हत्या भएको छ । व्यक्ति हत्याका घटना बढिर हँदा मधेशका सर्वसाधारण त्रसित बनेका छन् । महोत्तरीको एकडारा गाउँपालिका-२ का घनश्याम झा चोरीडकैतीको क्रममा व्यक्ति हत्या हुँदा स्थानीय त्रसित रहेको बताउँछन् । 'डकैतीसँगै हत्या पनि गर्छन् । स-साना विवादमा पनि हत्या गर्ने प्रवृत्तिले समाज असुरक्षित बनेको छ' उनले भने' 'कति बेला कसको कहाँ हत्या हुन्छ थाहा छैन ।' अपराध न्यूनीकरण गर्न र जनतालाई शान्ति सुरक्षाको अनुभूति गराउन गाउँगाउँमा पनि प्रहरीले गस्ती बढाउनुपर्ने उनको सुझाव छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार पछिल्लो ६ महिनामा मधेश प्रदेशमा ३६ जनाको हत्या भएको छ । जसमा २४ जना पुरुष, १० जना महिला र दुईजना बालबालिका छन् । प्रहरी तथ्यांक अनुसार यो अवधिमा सर्लाहीमा ६ जना, बारा र महोत्तरीमा ६/६ जना, धनुषा र सिरहामा ५/५ जना, रौतहटमा ४ जना, सप्तरीमा ३ र पर्सामा १ जना छन् । हत्या हुनेमा सर्लाहीमा ४ पुरुष र २ महिला छन् । यस्तै सिरहामा ५ जना पुरुष छन् भने महोत्तरीमा ३ महिला, एक बालिका र २ पुरुष छन् । बारामा पुरुष ३ र महिला २ जना र एक बालक रहेको तथ्यांकमा उल्लेख छ ।

यस्तै धनुषामा ३ पुरुष र २ महिला, रौतहटमा ३ जना पुरुष र एक महिला रहेका छन् । त्यस्तै सप्तरीमा ३ जना महिला र पर्सामा १ पुरुष रहेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी सुवाचन्द्र बोहराले उपलब्ध गराएको तथ्यांकमा छ । पछिल्लो पटक भइरहेको जघन्य हत्या घटनालाई अपराध बढेको भन्न नसकिने मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी सुवाचन्द्र बोहराको तर्क छ ।

'कहिलेकाहीँ एउटा घटना भयो भन्दैमा अपराध बढ्यो वा घट्यो भन्न सकिँदैन' उनको तर्क छ । तर सानातिना कुरामा हत्या गर्ने प्रवृत्ति बढेकाले त्यस तर्फ गम्भीर हुनुपर्ने अवस्था आएको उनको भनाइ छ । 'लुट्ने उद्देश्यले आएका छन् । मान्छे मारेका छन् । यो त जघन्य अपराध हो । यस्तो घटनालाई गम्भीर नै मान्नु पर्छ,' उनले भने । पर्साको बहुदरमाई नगर पालिका-२ बस्ने प्रेम शाह घटनाहरूमा प्रहरीलाई मात्र दोष दिएर नहुने तर्क गर्छन् । 'खुला सीमा, बेरोजगारी, जनचेतनाको अभावको कारणले पनि व्यक्ति हत्या र अपराधको घटना बढेको छ । समाज असुरक्षित बन्नुमा सरकारको कमिकमजोरी छ,' उनी तर्क गर्छन् ।

स्थानीय समाजसेवी प्रकाश थारु समाज उच्छृंखल गतिविधि गरिरहेकाहरूबाट असुरक्षित बन्दै गएको बताउँछन् । 'प्रहरीको कमिकमजोरी त छ नै । समाजमा उच्छृंखल गतिविधि गर्ने, अपराध गर्नेको संख्या बढ्दै छ,' उनले भने 'अपराध बढ्नुमा जनचेतनाको अभाव देखिन्छ । सावधानी अपनाउनु आवश्यक छ ।'

प्रहरीले अपराध न्यूनीकरण योजना बनाएर काम नगर्दा अपराध बढेको एक प्रहरी अधिकारी स्वीकार गर्छन् । उनी भन्छन्, 'हत्या भएपछि अनुसन्धान हुन्छ । तर यस्तो घटना कसरी न्यूनीकरण गर्ने भनेर कार्ययोजना बनाएर प्रहरी संगठनले काम गरेको छैन । यो काम प्रहरीको प्राथमिकतामै छैन ।'

ती प्रहरी अधिकारीका अनुसार हत्याका घटना बढ्नुमा खुल्ला सीमा, आपराधिक मनोविज्ञान, तस्करी लगायतलाई बेवास्ता गर्नु, सीमामा वारपार गर्ने व्यक्ति र सवारीसाधनको रेकर्ड नहुनु, लागुऔषध, अनैतिक प्रेम सम्बन्ध, क्षणिक प्रेम सम्बन्ध लगायत कारण रहेका छन् ।

(स्रोत: संचारकर्मी)

# ८ वर्षपछि हरिवंशले गाए फिल्मको गीत

काठमाडौं/अभिनेता हरिवंश आचार्यको परिचयको आयाम फराकिलो छ । अभिनय त उनको परिचयको एउटा पाटो मात्र हो । गायन तथा लेखनमा पनि उनी सक्रिय छन् । अहिले पनि वर्षमा एक/दुईवटा गीत उनका आइरहन्छन् । तर, फिल्मका लागि भने उनले विरलै गीत गाउने गरेका छन् । पछिल्लोपटक उनले सन् २०१६ मा रिलिज भएको फिल्म 'जात्रा'मा समावेश 'नोट नोट' गीत गाएका थिए ।



अब ८ वर्षपछि उनले फिल्मको पार्श्व गायनमा कमब्याक गरेका छन् । अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको फिल्म 'सोल्टिनी'को एक गीतमा उनले आफ्नो आवाज दिएका हुन् । आइतबार गीत रेकर्ड गरिएको थियो । उक्त गीतमा हर्कुलस बस्नेतको संगीत रहेको छ । कलाकार आचार्यले गाएको गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिने निर्देशक सुवेदीले बताए ।

यही पुष अन्तिमबाट छायांकनको तयारी गरिएको फिल्ममा अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बू मुख्य भूमिकामा प्रस्तुत हुनेछन् । फरक जातीय पृष्ठभूमिका दुई पात्रको प्रेमकथामा बन्न लागेको फिल्ममा विल्सन विक्रम राई, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडा लगायतको पनि अभिनय रहनेछ ।

सुशन प्रजापतिको छायांकन रहने फिल्मको एक गीतमा प्रशान्त सिवाकोटीले पनि संगीत दिनेछन् । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेन्मेन्टको सहकार्यमा निर्माण हुने फिल्मको स्क्रिप्ट अर्जुन सुवेदी र कुमार भट्टराईले मिलेर लेखेका हुन् । रेजिना बिस्ट र संसार चौलागाईं रहेको फिल्मलाई २०८२ साल असोज ३ गते, संविधान दिवसको दिन रिलिज गरिने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com






१) चुरियामाईको सुरुङ पुन:निर्माणपछि उद्घाटनको क्रममा चुरियामाई मन्दिर परिसरमा निर्माण गरिएको शिलालेख अनावरण गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामा, भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, पूर्वमुख्यमन्त्री डोरमणि पौडेल र पूर्वभौतिकमन्त्री रामेश्वर फुयाँललगायत । २) पुन:निर्माणपछि सुरुङ हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने क्रममा मेयर मीनाकुमारी लामालाई साँचो हस्तान्तरण गर्दै मुख्यमन्त्री लामा, भौतिकमन्त्री मास्केलगायत । ३) सुरुङभित्र प्रवेश गरेर अवलोकन गर्दै जनप्रतिनिधिहरु । ४) सुरुङको उत्तरतर्फको प्रवेशद्वारमाथि बनाइएको रेलिङमा उभिएर चुरे जंगल र सुरुङको संरचना अवलोकन गर्दै मुख्यमन्त्री लामा, मेयर लामा, उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाअध्यक्ष सविन न्यौपानेलगायत । *तस्बिर: प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

# कांग्रेस मकवानपुरले मेलमिलाप दिवस मनाउने, थापा आउने

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/नेपाली कांग्रेस मकवानपुरले पुष १६ गते राष्ट्रिय एकता मेलमिलाप दिवसको अवसर पारेर मेलमिलाप कार्यक्रमको आयोजना गर्ने भएको छ ।

कांग्रेस मकवानपुरले पत्रकार सम्मेलन गरेर मेलमिलाप कार्यक्रमको विषयमा जानकारी दिएको हो । कार्यक्रमलाई कांग्रेस महामन्त्री गगन थापाले सम्बोधन गर्ने कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले जानकारी दिए । उनका अनुसार कार्यक्रममा केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय, बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, केन्द्रीय सदस्य मोहन आचार्यलगायतले पनि सम्बोधन गर्नेछन् ।



लामाले मेलमिलाप कार्यक्रमबाटै मकवानपुरमा सम्मानको सुरुवात हुने समेत बताएका छन् । विभिन्न कालखण्डमा कांग्रेस पार्टीलाई योगदान दिने पूराना नेताहरु करिब ३० जनालाई पहिलो चरणमा सम्मान गरिने समेत उनले जानकारी दिए । पार्टी संगठनमा जब विखण्डनको अवस्था आउँछ तब कांग्रेसले मेलमिलापको नीति अवलम्वन गर्दै आएको भन्दै उनले मकवानपुरमा यो कार्यक्रमले निकै महत्व राख्ने बताए ।

पुष १६ गते विहान ११ बजेबाट रोयल पार्टी प्यालेशमा हुने कार्यक्रममा मकवानपुरका करिब २ हजार नेता तथा कार्यकर्ताको उपस्थिति रहने जनाइको छ । प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइराला आफूमाथि आठआठ वटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला राष्ट्रिय एकताका लागि जीवन अर्पण गर्न तयार भएर राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किएको सम्झनामा मेलमिलाप दिवस मनाइएको हो ।

# तिरतिरे धारामा साँझ दुर्घटना हुँदा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/हेटौंडा उपमहानगरपालिका-१, स्थित तिर तिरे धारामा सोमबार साँझ ७ बजे भारतीय नम्बरको कारले स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको छ ।

भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र ०३-००२ प ७२६७ नम्बरको स्कुटरलाई काठमाडौंतर्फ जाँदै गरेको भारतीय बिआर ०५ विए ००६ नम्बरको कारले ठक्कर दिएको थियो । कारको ठक्करबाट स्कुटरमा सवार हेटौंडा-१ चौकीटोल बस्ने युवराज लामा र बबिता लामा घाइते भएका थिए । हेटौंडा अस्पतालमा उपचारको क्रममा युवराज लामालाई चिकित्सकले साँझ साढे ७ बजे मृतघोषणा गरेको प्रहरीले जनाएको छ ।

स्कुटर युवराजले चलाएको मकवानपुर प्रहरीले जानकारी दिएका छ । स्कुटरमा पछाडि सवार बबिता लामा घाइते भएकी छन् । प्रहरीले कार चालक भारत बिहार मोतिहारीका २४ वर्षीय सुकर्णप्रताप सिंहलाई नियन्त्रणमा लिएको छ ।

# क्रिसमसका लागि राक्सिराङमा दुई दिन विदा



साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/इसाई धर्मावलम्बीले मनाउने क्रिसमसको उपलक्ष्यमा राक्सिराङ गाउँपालिकाले दुई दिन सार्वजनिक बिदा दिएको छ । पश्चिम मकवानपुरमा रहेको गाउँपालिकाले क्रिसमसको अवसरमा मंगलबार (भोलि) र बुधबार (पर्सी) विदा दिएको हो ।

गाउँपालिका क्षेत्रमा इसाई धर्मावलम्बीको उल्लेख्य वासिन्दा भएको भन्दै गाउँपालिकाले दुई दिन बिदा दिएको हो ।

गाउँपालिकाभित्रका सम्पूर्ण सार्वजनिक कार्यालय, सरकारी कार्यालय, शिक्षण संस्था बन्द रहने अध्यक्ष राजकुमार मल्लले विज्ञप्ति मार्फत जानकारी दिएका छन् । राक्सिराङले यसअघि पनि क्रिसमसको अबसरमा तीन दिनसम्म बिदा दिने गरेको थियो ।

# मंसिरसम्म भित्रियो २५ ‘हाइब्रिड’ गाडी, विद्युतीय कति ?

काठमाडौं, ८ पुस/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिना (साउन-मंसिर) सम्म २५ (पेट्रोल-विद्युतीय) हाइब्रिड सवारी साधन नेपाल भित्रिएको छ । भन्सार विभागका अनुसार २ हजार सीसीसम्मको ‘प्लग आउट’ हाइब्रिड गाडी मंसिर सम्म १८ युनिट भित्रिएको छ । यस्तो गाडीलाई विद्युतमा चार्ज गरि राख्नु पर्दैन । यो गाडीभित्र रहेको डाइनामो घुम्दा विद्युत् उत्पादन भई स्वत: चार्ज हुने गर्छ ।

हाइब्रिड (पेट्रोल-विद्युतीय) गाडीमध्ये २ हजार सीसीसम्मको ‘प्लग इन’ गाडी आयात मंसिरसम्म ७ युनिट रहेको भन्सार विभागले जनाएको छ । प्लग इन गाडीमा भने विद्युत् जडान गरी चार्ज गरिन्छ । जसलाई पेट्रोलको अभावमा पनि गुडाउन मिल्छ । पाँच महिनामा भित्रिएका २५ हाइब्रिड सवारीसाधन आयातमा ९ करोड ६८ लाख रुपैयाँ विदेशिएको तथ्यांकमा देखिन्छ ।

**ईभीतिर बढ्दो गति**

विद्युतीय सवारीसाधन (ईभी) आयात समेत आकासिएको छ । कारतर्फ पाँच महिनामा ४ हजार ९ सय ९७ युनिट भित्रिएको छ । कात्तिकसम्म ३ हजार ४ सय ८७ युनिट ईभी भित्रिएकोमा मंसिर सम्म आइपुग्दा यो संख्या झन्डै ५ हजार नजिक पुगेको हो । मंसिरसम्म ५० किलोवाटसम्म क्षमताका १ हजार ४ सय ९० युनिट ईभी गाडी भित्रिएको छ । यी गाडी आयातमा २ अर्ब ७३ करोड ६८ लाख रुपैयाँ विदेशिएको छ । त्यस्तै ५१ बाट १ सय किलोवाटसम्मको क्षमताका २ हजार ७ सय ५७ युनिट ईभी भित्रिएको भन्सार विभागले जनाएको छ । यसका लागि ६ अर्ब ९३ करोड ५५ लाख रुपैयाँ विदेशिएको छ ।

१०१ देखि २ सय किलोवाटसम्म क्षमताका ४ सय ४३ युनिट ईभी भित्रिएको छ । यसमा १ अर्ब ५५ करोड ९० लाख रुपैयाँ विदेशिएको तथ्यांकमा देखिन्छ । त्यस्तै २०१ देखि ३ सय किलोवाटसम्मका ५ युनिट ईभी आएको छ । जसको मूल्य ३ करोड २३ लाख रुपैयाँ रहेको देखिन्छ । ३ सय किलोवाटभन्दा माथि २ युनिट ईभी आएको छ । जसको मूल्य ८३ लाख २३ हजार रुपैयाँ रहेको भन्सार विगागले जनाएको छ ।

**सार्वजनिकमा ईभी आकर्षण**

मंसिरसम्मको तथ्यांक अनुसार माइक्रोबस र मिनीबसको आयात समेत उत्साहजन रहेको छ । भन्सार विभागको तथ्यांक अनुसार मंसिरसम्म माइक्रोबस (११-१४ सिट) को आयात ४३९ युनिट भएको देखिन्छ । जसका लागि १ अर्ब २८ करोड ३६ लाख रुपैयाँ विदेशिएको छ । मिनिबस (१५ देखि २५ सिट) गाडी भने ३ सय ९७ युनिट आयात भएको छ । जसमा १ अर्ब २७ करोड १६ लाख रुपैयाँ विदेशिएको तथ्यांक भन्सार विभागको छ ।

तीन पाङ्ग्रेमा ईभी बाढी उता, तीन पाङ्ग्रेमा समेत ईभी गाडीको आकर्षण अत्यधिक रहेको छ । मंसिरसम्म ‘इलेक्ट्रिक थ्री ह्विलर’ ४ हजार ९ सय ३६ युनिट भित्रिएका छन् । यसको मूल्य ५० करोड ५५ लाख रुपैयाँ देखिन्छ ।

अनएसेम्बल्ड थ्री ह्विलर भने ३ हजार २ सय ५० युनिट भित्रिएका छन् । यसका लागि ३० करोड ७७ लाख रुपैयाँ विदेशिएको भन्सार विभागको तथ्यांकमा देखिन्छ । अन्य विद्युतीय थ्री ह्विलर ७ सय ६१ युनिट भित्रिएका छन् । यसको मूल्य ९ करोड ६९ लाख रहेको भन्सार विभागले जनाएको छ ।

**कर बढ्दा पनि आकर्षण भने उस्तै**

सरकारले १५ जेठमा ल्याएको चालु आवको बजेट र आर्थिक विधेयक मार्फत ईभीमा लाग्दै आएको करको दर बढाएको थियो । शून्य किलोवाट र ५१ देखि १ सय किलोवाट क्षमतामा भन्सार र अन्त:शुल्क ५/५ प्रतिशतले बढाएको थियो । १०१ देखि २ सय किलोवाटसम्म भन्सार यथावत राखेर अन्त:शुल्क १० प्रतिशत बढाएको थियो । त्यसभन्दा माथि २०१ देखि ३ सय किलोवाटसम्म भन्सार घटाएर अन्त:शुल्क बढाएको थियो । ३ सय किलोवाटभन्दा बढी क्षमतामा पनि भन्सार घटाएर अन्त:शुल्क बढाइएको छ । ईभीको कर बढ्दै जाँदा पनि सर्वसाधारणमा यस्ता गाडीप्रतिको आकर्षण झनै बढ्दै गएको देखिन्छ । नेपाली बजारमा विशेषगरी चिनियाँ र भारतीय ब्रान्डबीच प्रतिस्पर्धा देखिन्छ ।


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
भरतपुर चितवन फोन नं. : ०५६-४९३११५

**कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि प्रस्ताव/आवेदन आह्वान सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८*

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रममा सहभागी हुन यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका इच्छुक योग्य कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०९/२८ गते) कार्यालय समयभित्र तोकिए बमोजिमका कागजातहरु सहित रीतपूर्वक आवेदन कृषि विकास कार्यालय, भरतपुर, चितवन वा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:** आवेदन/प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु एवम् अन्य आवश्यक विवरण कार्यालयको वेवसाइट https;//chitwan.akc.gov.np/ मा राखिएको व्यहोरा अनुरोध छ ।


# भुल सुधार

मिति २०८१ पुस ४ गते बिहीबार यस दैनिकको चौथो पृष्ठमा प्रकाशित **हेटौंडा उपमहानगरपालिका आर्थिक विकास महाशाखा (पशुपन्छी विकास शाखा)** को **अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्बन्धी सूचनामा** क्र.सं. ८, पशुपालन प्रवर्द्धन कार्यक्रम हेटौंडा-७ कार्यक्रम शीर्षकको **बजेट १२,००,०००।-** हुनु पर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना !**

सूचना प्रकाशित मिति: २०८१/०९/०९
दरभाउ पत्र पेशगर्ने अन्तिम मिति: २०८१/०९/२४

यस कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा कार्यालय, मकवानपुरको हेटौडा-९, कर्रा स्थित कार्यालयमा कम्पाउन्ड वाल निर्माण गर्नुपर्ने प्रयोजनको लागि प्राविधिक लागत इष्टिमेट बमोजिम कार्य गर्न ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रीत पूर्वकको शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ता, नवीकरणको ईजातज पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि लगायतका अन्य कागजातसहित लिखित निवेदन दिई यो सूचना प्रकाशित मितिले १५ दिन (कार्यालय समय) भित्र यस कार्यालयमा रु १००० राजश्व तिरि दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फाराम नियमानुसार भरी सीलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेका सूचना नं., दरभाउ पत्र दाताको नाम, ठेगाना, इमेल र सम्पर्क नं. समेत खुलाई कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको १६ औं दिन (मिति २०८१/०९/२४) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउ पत्र दर्ता गर्न सकिने छ । दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको १:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउ पत्र दाताका प्रतिनिधिहरु अनुपस्थित भए तापनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. सीलबन्दी दरभाउ पत्र साथ वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको रु.४००००/- को बैंक जमानतपत्र (विडवण्ड) (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ (पचहत्तर) दिन अवधि कायम भएको) संलग्न गरेको हुनुपर्नेछ
४. दरभाउ पत्रको प्रत्येक आइटममा अंक र अक्षरमा लेखेको, केरमेट नभएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन ।
५. सीलबन्दी दरभाउ पत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई तत्तत् प्रयोजनको लागि अन्तिम दिन मानिने छ ।
६. सार्वजानिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ६५ (४घ१) को प्रतिकुल नहुने गरी स्वघोषणा सहित दरभाउ पत्र पेश गर्नुपर्नेछ ।
७. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजानिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजानिक खरिद नियामावली २०६४ (संशोधन सहित) तथा बागमती प्रदेश सार्वजानिक खरिद नियमावली २०७६ (संशोधन सहित) बमोजिम हुनेछ । यस सम्बन्धी विषयमा विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको टेलिफोन नं. ०५७-४१२५७१ मा सम्पर्क गर्न सकिने छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (मु.अ.कर सहित) | जमानत रकम रु. | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | LSOMOLMAC/WORKS/CW/2081-82/01 | कार्यालयको अधुरो कम्पाउन्ड वाल निर्माण | १७९८३३७.४३ | ४०,०००।- | १,०००।- | |



बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
भरतपुर चितवन फोन नं. : ०५६-४९३११५

**प्राङ्गारिक मल आपूर्तिकर्ता सूचीकरण सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८*

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार प्राङ्गारिक म वितरण कार्यक्रम संचालनका लागि इच्छुक प्राङ्गारिक मल बिक्री वितरण गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८१/०९/१४ गते) कार्यालय समयभित्र तोकिए बमोजिमका कागजातहरु सहित रीतपूर्वक आवेदन/प्रस्ताव कृषि विकास कार्यालय, भरतपुर, चितवनमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:** आवेदन/प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु एवम् अन्य आवश्यक विवरण कार्यालयको वेवसाइट https;//chitwan.akc.gov.np/ मा राखिएको व्यहोरा अनुरोध छ ।



**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान, मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिकाबमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका :**
**समय:** बिहान ८ वजेवाट **मिति:** २०८१ पौषदेखि माघ मसान्तसम्म

| क्र.स. | वडा नम्बर | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, बसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३गते | वडा कार्यालय, बस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहलचोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**



HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७००००५४१ | रोसिका माझी | बकैया-०४, मकवानपुर |
| २ | PLI१५५००००३२१ | पुजा कुमारी यादव | धर्मपुर-०२, रौतहट |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना